प्रतिदिन
हर प्रहर ताजा खबर!
लगइन गर्नुहोस्
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्क:
९८०१४५८९८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY

लागूऔषध रहित परिवार: स्वस्थ जीवनको आधार
❖ लागुऔषधले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ ।
लागुऔषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्रिवितरण तथा सेवन कानूनत: दण्डनीय छ ।
❖ गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरुलाई पनि लाग्न नदिऔं ।
स्वस्थ र सुखी परिवारको लागि लागुऔषध दुर्व्यसनलाई निरुत्साहन गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१४ ।। अङ्क : ३२५ ॥ २०७९ माघ ०७ गते शनिबार (21st Jan 2023 Saturday) Pratidin National Daily dN‍o-?:%÷-

सभामुखपछि उपसभामुख पनि झापाले पाउँदै

# रास्वपाकी इन्दिरा रानामगरद्वारा उम्मेदवारी

झापा(प्रस) । प्रतिनिधिसभाको सभामुख पाएको झापाले उपसभामुख पनि पाउने देखिएको छ । सभामुखमा झापा क्षेत्र नं २ का सांसद देवराज घिमिरे निर्वाचित भएको भोलिपल्ट उपसभामुखमा सत्तारुढ गठबन्धनका तर्फबाट राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद इन्दिरा रानामगरले उम्मेदवारी दिएकी छन् । उनी पनि झापा अर्जुनधारा निवासी हुन् । यसअघि सभामुखमा निर्वाचित घिमिरे पनि झापा क्षेत्र नं २ को अर्जुनधाराकै बासिन्दा हुन् । उपसभामुखका लागि बिहीबारसम्म रास्वपाकै सोविता गौतमको चर्चा थियो । तर, शुक्रबार बिहान बसेको सो पार्टीको संसदीय दलको बैठकले रानामगरलाई अघि सार्‍यो ।

सत्तारुढ दलबाट उम्मेदवार बनेकी रानामगर शनिबारसम्म कुनै अप्रत्याशित राजनीतिक घटनाक्रम नभए प्रतिनिधिसभाको उपसभामुख बन्ने लगभग निश्चित छ । राजनीतिक क्षेत्रका लागि रानामगरको नाम नौलो हो । तर उनी सामाजिक क्षेत्रमा भने अब्बल र कुशल नेतृत्वका रूपमा स्थापित भइसकेकी नेता हुन् ।

गत निर्वाचनदेखि मात्रै राष्ट्रिय स्वतन्त्र पार्टीबाट राजनीतिमा होमिएकी उनी समानुपातिक निर्वाचन प्रणालीतर्फ उम्मेदवार बनेर अहिले प्रतिनिधिसभा सदस्य बनेकी हुन् । उनको परिचय भने यत्तिमै सीमित छैन, बरू सिंगो नेपालले गौरव गर्न लायक छ ।



रानामगर देश र विदेशमा समेत चर्चित समाजसेवी हुन् । उनकी आफ्नै छोरी छन् सुबानी रानामगर । तर उनलाई सुबानीले मात्र नभइ सयौं बालबालिकाले आमा मान्छन् । सयौं बालबालिकाले उनको न्यानो काख र ममतामा हुर्किने मौका पाएका छन् भने शिक्षा दिक्षा, सीप र रोजगारीसँग समेत उनले जोडिदिएकी छिन् ।

साहित्यकार पारिजातको समाजसेवाबाट प्रभावित भएर सामाजिक क्षेत्रमा काम गर्न थालेकी रानामगरले बाबुआमासँगै जेलमा बस्न बाध्य बालबालिकालाई आश्रय दिने गरेकी छिन् । बन्दी सहायता नेपालकी संस्थापक उनले त्यही संस्थामार्फत् बाबुआमा जेल पर्दा अलपत्र पर्ने बालबालिकाको स्याहार र शिक्षा दिक्षामा सहयोग गर्दै आएकी छिन् । त्यही कामले उनलाई नेपालमा मात्रै होइन, विश्वभर चिनाएको छ ।

सुरुवाति चरणमा काठमाडौं आएर एक विद्यालयमा शिक्षिकाका रूपमा समेत काम गरिन् उनले । त्यतिबेलै मानवअधिकार अभियन्तासमेत रहेकी साहित्यकार पारिजातसँग उनको भेट भयो । पारिजात कारागारमा रहेका राजबन्दीहरूको अधिकारका लागि लडिरहेकी थिइन् । पारिजातले नै आफूलाई कारागारहरूमा लगेर आफ्ना काम चिनाएको इन्दिरा बताउँछिन् । त्यति बेलादेखि नै नेपालको न्याय प्रणालीसँग उनी परिचित भइन् । त्यसपछि उनी कैदीबन्दीको अधिकारका लागि सक्रिय भएर लागिन्।

०२७ सालमा झापाको शनिश्चरेमा सामान्य परिवारमा जन्मिएकी उनी आफैं भने १० वर्षसम्म विद्यालय टेक्न पाइनन् । ढिला विद्यालय भर्ना भए पनि उनले स्नातकसम्मको पढाइ पूरा गरेकी छिन् । उनका बुवाआमा उदयपुरबाट झापा बसाइ सरेका थिए । ६ सन्तानमध्ये सबैभन्दा कान्छी उनलाई परिवारले ढिलामात्र विद्यालय पठाएको थियो । उनले अक्षरहरू भने दाजुहरूसँगै सिकेकी हुन् । 'जहाँ इच्छा, त्यहाँ उपाय' भनेझैं धुलोमा अक्षर कोरेर प्रारम्भिक शिक्षा हासिल गरेकी इन्दिरा अहिले धेरै बालबालिकाको भविष्य उज्ज्वल बनाइरहेकी छन् । रानाको संस्थाले १२ वटा बालगृह, २ वटा विद्यालय, ४ वटा दिवा हेरचाह केन्द्र चलाउनुका साथै विभिन्न सामाजिक काम गर्दै आएको छ । यतिबेला उनको संस्थाले करिब १ हजार ५ सय बालबालिकाको हेरचाह गरिरहेको छ । उनलाई सन् २०१४ मा स्विडेनकी रानी सिल्भियाले वर्ल्ड चिल्ड्रेन्स अनररी अवार्ड पनि प्रदान गरेकी थिइन् ।

सन् २००५ मै 'अशोका फेलो' पाएकी उनी दर्जनौं राष्ट्रिय र अन्तर ाष्ट्रिय अवार्डबाट सम्मानित छिन् । उनले २००९ मा एसियाका शीर्ष २१ नेतृत्वले पाएको जनसेवा अवार्ड पाइन् भने सन् २०१७ मा बीबीसीको प्रेरणादायी तथा सिर्जनशील महिलाहरूको सूचीमा परेकी थिइन् ।

उता कांग्रेस सांसद मुक्ताकुमारी यादवले उपसभामुख पदमा उम्मेदवारी दिएकी छन् । कांग्रेसले नेकपा एकीकृत समाजवादी, लोकतान्त्रिक समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चासहित मोर्चा बनाएर उपसभामुखमा उम्मेदवारी दिएको हो । यादवको प्रस्तावमा कांग्रेस सांसद बद्रीप्रसाद पाण्डे रहेका छन् भने नेकपा एकीकृत समाजवादीका सांसद मेटमणि चौधरी, लोकतान्त्रिक समाजवादी पार्टीका सांसद सर्वेन्द्रनाथ शुक्ला र कांग्रेसका प्रमुख सचेतकसमेत रहेका रमेश लेखक समर्थक रहेका छन् । कांग्रेसबाट उम्मेदवारी दिएकी यादव पार्टीकी केन्द्रीय सदस्यसमेत हुन् । उनी राष्ट्रिय सभाकी पूर्वसांसद समेत हुन् । उनी २०७४ मा मधेस प्रदेशबाट २ वर्षका लागि राष्ट्रिय सभा सदस्यमा चुनिएकी थिइन् । त्यसअघि उनी २०७० सालमा

❖ बाँकी अन्तिम पृष्ठमा

## भद्रपुर विमानस्थलमा ब्राउनसुगरसहित यात्रु पक्राउ

झापा(प्रस) । झापाको भद्रपुर विमानस्थलमा ब्राउनसुगरसहित एक यात्रु पक्राउ परेका छन् ।

बिहीवार साँझ ६.५५ बजे बुद्ध एयरको उडानद्वारा भद्रपुरबाट काठमाण्डौं जान लागेका लमजुङ बेशीसहर नगरपालिका वडा नं.६ घर भई हाल काठमाण्डौं महानगरपालिका वडा नं. ५ बसपार्क मिलन टोलमा डेरा गरी बस्ने २४ वर्षिय युकेन गुरुङ ब्राउनसुगरसहित पक्राउ परेका हुन् । बिमानस्थल सुरक्षा गार्ड झापाबाट खटिएको प्रहरी टोलीले चेकजाँच गर्ने क्रममा गुरुङले ट्राउजरको ईजार रहने प्वालभित्र लुकाई राखेको १२ ग्राम ब्राउनसुगर बरामद गरेको थियो । उनलाई नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय झापामा राखी थप अनुसन्धान भइरहेको डीएसपी बसन्त पाठकले बताए ।



## बिर्तामोड ९ मा क्यान्सरको जनचेतनामुलक कार्यक्रम हुँदै

झापा(प्रस) । कालीमाता मठमन्दिर ब्यवस्थापन समिति बिर्तामोड ९ नडियाबारीको आयोजना ,बिर्तामोड नगरपालिका ९ नम्बर वडा कार्यालयको सहकार्य एवम् बिएण्डसी अस्पतालको प्राविधिक सहयोगमा क्यान्सर रोगसम्बन्धी एक दिवसीय जनचेतनामुलक कार्यक्रम हुने भएको छ ।

यहि माघ ८ गते आईतबारका दिन दिउँसो ११ बजे बिर्तामोड-९, नडियाबारीस्थित खप्तडी बुढाथोकी भवनमा सो कार्यक्रम आयोजना हुने भएको हो ।

बिर्तामोड नगरपालिका वडा न.:-९, नडियाबारीआसपास क्षेत्रमा रहेका टोल विकास संस्था तथा किर्तन मण्डलीका महिलाहरुलाई लक्षित गरी पाठेघर तथा स्तन क्यान्सरसम्बन्धी सो जनचेतनामुलक कार्यक्रम बिएण्डसी अस्पतालका वरिष्ठ क्यान्सर विशेषज्ञ डाक्टर हरुद्वारा गरिने भएको छ । साथै माघ ९ गते कार्यक्रममा सहभागी महिलाहरुको बिएण्डसी अस्पतालमा निःशुल्क पाठेघर क्यान्सरको जाँच तथा परीक्षण गर्ने कार्यक्रम समेत रहेको मन्दिर ब्यवस्थापन समितिका अध्यक्ष युवराज रोक्काले बताए । मन्दिर समितिले सामाजिक रुपान्तरणको अभियानमा धार्मिक र सामाजिक गतिविधि गर्दै आएको उपाध्यक्ष तुलबहादुर बुढाथोकी (रविन) ले बताए । मन्दिर ब्यवस्थापन समितिका सचिव जगत कटुवालले कार्यक्रमको सम्पूर्ण तयारी पूरा भएको जानकारी दिएका छन् ।

## पत्रकार घिमिरेलाई पितृशोक

झापा(प्रस) ।पत्रकार रेवतीराज घिमिरेलाई पितृशोक परेको छ । भद्रपुर-१० निवासी पत्रकार घिमिरेका ८७ वर्षीय बुबा केशवप्रसाद घिमिरेको बिहीबार राति घरमै निधन भएको हो ।



उनको शुक्रवार बिहान देउनिया खोलामा हिन्दु संस्कारअनुसार दाहसंस्कार गरिएको छ । स्व. घिमिरेका पाँच छोरा र तीन छोरी रहेका छन् ।

हार्दिक बधाई
तथा शुभकामना

झापा क्षेत्र नं २ का सांसद, यस शहीद सुखानी स्मृति प्रतिष्ठान नेपालका अध्यक्ष श्री देवराज घिमिरेज्यू प्रतिनिधिसभाको सम्माननीय सभामुख पदमा निर्वाचित हुनुभएकोमा बधाई दिँदै समृद्ध नेपाल र सुखी नेपाली बनाउने महान अभियानमा सँधै तपाईका पाइलाहरु अघि बढून् भन्दै सफल कार्यकालको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
सुन्दर सुवेदी
कोषाध्यक्ष
हर्क राई
महासचिव
टंक भट्टराई/अर्जुन राई
उपाध्यक्ष
शहीद सुखानी स्मृति प्रतिष्ठान नेपाल

हार्दिक बधाई
तथा शुभकामना

यस झापा क्षेत्र नं २ का सांसद कुशल संगठक , हाम्रा अभिभावक श्री देवराज घिमिरेज्यू प्रतिनिधिसभाको सम्माननीय सभामुख पदमा निर्वाचित हुनुभएकोमा बधाई दिँदै समृद्ध नेपाल र सुखी नेपाली बनाउने महान अभियानमा सँधै तपाईका पाइलाहरु अघि बढून् भन्दै सफल कार्यकालको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
मदन बुढाथोकी
वडा अध्यक्ष
बिर्तामोड नगरपालिका ३ नं वडा कार्यालय
बिर्ताबजार, झापा

# ४० जना ज्येष्ठ नागरिकलाई सम्मान



बिर्तामोड(प्रस) । बिर्तामोड नगरपालिकाले वडा नम्बर १का ७० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकलाई सम्मान गरेको छ ।

नगरको सामाजिक विकास शाखाले वडा कार्यालयको हलमा जेष्ठ नागरिक सत्मिलन तथा सम्मान कार्यक्रमको आयोजना गरी बिहीवार ४० जना ज्येष्ठ नागरिकलाई सम्मान गरेको हो । सम्मानित हुने जेष्ठ नागरिकलाई गाम्छासहित नगद र फलफुल प्रदान गरिएको थियो ।

३२ औं अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसको अवसरमा सम्मान कार्यक्रमको आयोजना गरिएको सामाजिक विकास शाखाका अधिकृत डिल्ली दाहालले जानकारी दिए । कार्यक्रमका प्रमुख अतिथि वडा नम्बर १का कार्यवहाक वडाध्यक्ष योगचन्द्र आङ्बोहाङले जेष्ठ नागरिकहरुलाई यस वर्ष पनि भ्रमणको आयोजना गरिएको जानकारी दिए । उनले वडा कार्यालयले चाँडै मिति तोकेर सबै जेष्ठ नागरिकहरुलाई भ्रमणमा लैजाने बताए ।

सामाजिक विकास शाखाकी संयोजक, नगर कार्यपालिका सदस्य यमुना आचार्यको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वडा सचिव टिका अधिकारीलगायतको उपस्थिति रहेको थियो । सम्मानित हुने जेष्ठ नागरिकहरुले नगरपालिकाले गरेको सम्मानप्रति खुशी व्यक्त गरेका छन् ।

# विद्यार्थीलाई लुगा बाँड्दा खतिवडाले विगत संझिए

झापा(प्रस) । हिजोका दिनमा ट्रकको खलासी हुँदा , ड्राइभर हुँदा , ३ हजारमा अर्काकोमा नोकरी गर्दा अर्जुनधारा ८ का तारा खतिवडालाई अरुले कार्यक्रम गरिरहँदा डाहा लाग्थ्यो । अभावमा बाँचिरहँदा कहिले



आफूसंग पैसा हुन्छ र अरुलाई सहयोग गरौला भन्ने संझिन्थे । उनले त्यो सपना देखेका थिए , लक्ष्य लिएका थिए , जुन आज पूरा भएको छ । शिखर बचत तथा ऋण सहकारी संस्थाका सहसचिव ,खेलकुद महासंघका केन्द्रीय कमिटी सदस्य युवा समाजसेवी तारा खतिवडाले आफ्नो जन्मदिनमा स्थानीय चन्द्रोदय प्राथमिक विद्यालयका ७० जना विद्यार्थीलाई जाडो छल्न न्यानो लुगा वितरण गरेका छन् ।

बिहीवार एक कार्यक्रमका बीच उनले न्यानो लुगा (हाइनेक) वितरण गरेका हुन् । लुगा वितरण गर्दै उनले लक्ष्यजस्तो लिएको आफ्नो सपना पूरा भएको बताए । ' मैले हिजो दुख गरिरहँदा ,एउटा ट्रकको खलासी गरिरहँदा , ड्राइभर भइरहँदा , ३ हजार पैसाको लागि अर्काकोमा नोकरी गरिरहँदा अरुले गरेको कार्यक्रम हेरेर डाहा लाग्थ्यो ,मैले पनि केही गर्न पाए हुन्थ्यो , केही दिन पाए हुन्थ्यो जस्तो लाग्थ्यो ' उनले भने 'तर, त्यतिखेर पैसाको अभाव हुन्थ्यो, बिहान बेलुकासँगै दिउँसोको खाजा खान त गाह्रो हुन्थ्यो, मन भएर पनि अर्कालाई सहयोग गर्न सकिदैनथ्यो ।' त्यो अबस्था र संस्कारबाट हुर्केकोले अहिले सामान्य सहयोग गर्न पाउँदा आफूलाई सन्तुष्टि मिलेको उनको भनाई छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष देवीप्रसाद खातीको अध्यक्षता तथा दाता खतिवडाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा विद्यार्थीहरुलाई न्यानो लुगा वितरण गरिएको थियो । प्रधानाध्यापक टंकप्रसाद आचार्यले संचालन गरेको कार्यक्रममा शिक्षक अभिभावक संघका अध्यक्ष लीलाप्रसाद दुलाल , प्रतिदिन दैनिकका सम्पादक इन्द्रसिंह राजवंशी , विद्यालयका अभिभावक झुमा खातीलगायतले खतिवडाले जन्मदिनमा फजुल खर्च नगरी विद्यार्थीहरुलाई न्यानो लुगा वितरण गरेकोमा प्रशंसा गर्दै जन्मदिनको शुभकामना दिएका थिए । कार्यक्रममा शिक्षिका विष्णुमाया बस्नेतले स्वागत मन्तव्य राखेकी थिइन् । खतिवडाले सो विद्यालयलाई प्रत्येक वर्ष सहयोग गर्दै आएका छन् । शिशुदेखि कक्षा ५ सम्म पठनपाठन हुने सो विद्यालयमा ७६ जना विद्यार्थी अध्ययनरत छन् । अधिकांश दलित समुदायका विपन्न परिवारका छन् । कोरोना संक्रमणका बेला कोभिड १९ सहयोगी टीमको संयोजक बनेर उनले ६ सय २२ परिवारलाई खाद्यान्न सहयोग गरेका थिए ।

## भद्रपुरको आगलागीमा जलेर बाछी मर्यो



भद्रपुर(प्रस) । भद्रपुर- ५ देवीवस्तीस्थित रामविलास कामतको गोठमा बिहीवार राति आगलागी भएको छ । गोठमा आगलागी हुँदा एउटा बाछी मरेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ । दुईवटा दुहुनो गाई र एउटा बाछी जलेर घाइते भएका छन् ।

राति ११ बजे गोठमा लागेको आगो भद्रपुर नगरपालिकाको वारुणयन्त्र र स्थानीयवासीको सहयोगमा नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

## रास्वपाकी...

समानुपातिक सांसदसमेत भएकी थिइन् । सभामुखको निर्वाचनमा कांग्रेसकी ईश्वरीदेवी न्यौपानेलाई पनि नेकपा एकीकृत समाजवादी, लोकतान्त्रिक समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चाले मत दिएका थिए । सभामुखमा निर्वाचित एमाले उम्मेदवार देवराज घिमिरेले एमालेसहित माओवादी, रास्वपा, राप्रपा, जसपा, जनमत, नागरिक उन्मुक्ति पार्टी र स्वतन्त्र सांसदले मत दिएका थिए । सभामुख चुनावमा देखिएको गठबन्धनले उपसभामुखमा पनि सत्ता गठबन्धनको स्पष्ट बहुमत देखिएको छ ।


## फोहोर व्यवस्थापनबारे नगरबासीमा अनुरोध

- बिर्तामोड नगरपालिकालाई सफा, सुन्दर र हराबरा बनाउनका लागि यही फागुन १ गतेदेखि फोहोर वर्गीकरणको प्रक्रिया लागु हुने भएको हुँदा घर, पसल, कार्यालय, होटल, रेष्टुरेन्ट, फार्मेसी लगायत सम्पूर्ण व्यापारी व्यवसायीहरुले अनिवार्य रुपमा कुहिने, नकुहिने प्लास्टिकजन्य र सिसा तथा धातुजन्य गरी ३ भागमा विभाजन गरौँ ।
- फोहोर वर्गीकरणको प्रक्रियालाई बेवास्ता गरी वर्गीकरण नगरी राखेमा उक्त फोहोर उठाउन नगरपालिका बाध्य हुने छैन । साथै, उक्त फोहोर व्यवस्थापनको जिम्मेवारी समेत स्वयम् घर, पसल धनीले लिनु पर्नेछ ।
- सडकको दायाँबाया, बिजुलीको पोल भएको ठाउँ लगायत कुनै पनि सार्वजनिक स्थलमा फोहोर बिसर्जन नगरौँ । यदि त्यसो गरेको पाइएमा प्रचलित कानुन अनुसार पाँच हजार रुपैयाँदेखि ५० हजार जरिवाना तथा कारबाही हुने व्यहोरा जानकारी गराउँदछौँ ।
- तपाईंको सहयोगले नै नगर समृद्व, व्यवस्थित र सुन्दर सफा हुने भएकोले नगरपालिकाले जारी गरेको सूचना कार्यान्वयन गरौँ ।
- फोहोर लिन आउने गाडीलाई वर्गीकरण गरेको फोहोर मात्र दिएर सहयोग गरौँ ।
- फोहोर व्यवस्थापन सम्बन्धी कुनै पनि समस्या तथा जिज्ञासा भए आफ्नो नजिकको वडा कार्यालय, नगरपालिका अथवा टोल विकास संस्थासँग सम्पर्क गरौँ ।
- फोहोरलाई वर्गीकरण गरेर जिम्मेवार नागरिकको कर्तव्य पूरा गरौँ ।

बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
प्रदेश नं. १, झापा



## बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड , झापा

( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।



## हार्दिक बधाई तथा शुभकामना



निर्माण व्यवसायी महासंघका पूर्व केन्द्रीय सदस्य , निर्माण व्यवसायी संघ झापाका पूर्व अध्यक्ष तथा सल्लाहकार , मैनाचुली ह्यूमपाईप उद्योगका प्रवन्ध निर्देशक गोपालबहादुर थापा नेपाल क्षयरोग निवारण संस्था झापा शाखाको २१ औं जिल्ला सभाबाट आठौं कार्यकालका लागि सभापति जस्तो गरिमामय पदमा पुन: निर्वाचित हुनुभएकोमा बधाई दिँदै उहाँलगायत सम्पूर्ण निर्वाचित टिमलाई सफल कार्यकालको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

प्रकाश के.सी.
प्रोप्राइटर
प्रविण निर्माण सेवा परिवार
दमक , झापा



## हार्दिक बधाई तथा शुभकामना



निर्माण व्यवसायी महासंघका पूर्व केन्द्रीय सदस्य , निर्माण व्यवसायी संघ झापाका पूर्व अध्यक्ष तथा सल्लाहकार , मैनाचुली ह्यूमपाईप उद्योगका प्रवन्ध निर्देशक गोपालबहादुर थापा नेपाल क्षयरोग निवारण संस्था झापा शाखाको २१ औं जिल्ला सभाबाट आठौं कार्यकालका लागि सभापति जस्तो गरिमामय पदमा पुन: निर्वाचित हुनुभएकोमा बधाई दिँदै उहाँलगायत सम्पूर्ण निर्वाचित टिमलाई सफल कार्यकालको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

शरद खनाल
प्रोप्राइटर
खनाल निर्माण सेवा परिवार
मेचीनगर न.पा.-१ , झापा



## हार्दिक बधाई तथा शुभकामना



निर्माण व्यवसायी महासंघका पूर्व केन्द्रीय सदस्य , निर्माण व्यवसायी संघ झापाका पूर्व अध्यक्ष तथा सल्लाहकार , मैनाचुली ह्यूमपाईप उद्योगका प्रवन्ध निर्देशक गोपालबहादुर थापा नेपाल क्षयरोग निवारण संस्था झापा शाखाको २१ औं जिल्ला सभाबाट आठौं कार्यकालका लागि सभापति जस्तो गरिमामय पदमा पुन: निर्वाचित हुनुभएकोमा बधाई दिँदै उहाँलगायत सम्पूर्ण निर्वाचित टिमलाई सफल कार्यकालको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

मोहनप्रसाद अधिकारी
प्रवन्ध निर्देशक
माङसुवा निर्माण सेवा प्रा.लि.
दमक -८ , झापा
उपाध्यक्ष
नेपाल निर्माण व्यवसायी महासंघ



## गुगल रेष्टुरेन्ट एण्ड बार

शान्त तथा पारिवारिक वातावरणमा विभिन्न किसिमका स्वादिष्ट भेज तथा ननभेज परिकारका खानाहरु , म:म , चाउमिन , थुप्पा , सेकुवा, हुक्का तथा पेय पदार्थ सरल तथा सुपथ मूल्यमा पाउनुका साथै होम डेलिभरीको पनि सुविधा छ ।

स्वादिष्ट खानाको लागि हामीलाई सम्झनुहोस्



गुगल रेष्टुरेन्ट एण्ड बार
भद्रपुर रोड , बिर्तामोड (कुमारी बैंक पछाडी)
मो : ९८४२६७७३७७ , ९८०७९०४४३० , ९८०३२८०२३२

Free WiFi



## बिर्तामोड नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा

### इन्टरनेट केवल तथा टि.भी केवल तार व्यवस्थापन सम्बन्धी सार्वजनीक सूचना

यस बिर्तामोड नगरपालिका अर्न्तगतका नेपाल विद्युत प्राधिकरण र नेपाल टेलिकमले बिस्तार गरेका बिजुलीका पोल तथा टेलिकमका पोलहरुमा विभिन्न इन्टरनेट केवल तथा टि.भि केवलले जथाभावि रुपमा केवल तारहरु झुन्ड्याई नगरको सौंर्दयतालाई समेत असर पार्ने गरी राखिएको पाइएकाले अब उप्रान्त उक्त कार्य रोकी निम्न बमोजिम गर्न गराउनु हुन भनि यस अगावै सेवा प्रदायक संस्थाहरुलाई लेखि पठाइएकोमा हाल सम्म पनि उक्त कार्य नभएको पाईएकोले आजका मितिले ३५ दिन भित्रमा निम्नानुसारको कार्य गर्न/गराउनु हुन जानकारी गराईन्छ । साथै उक्त अवधिमा सो कार्य नभएको पाईएमा नगरपालिकाले कानून बमोजिम कार्वाहि गर्ने समेतको व्यहोरा सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

निम्न:-
१. आफ्नो केवलको पहिचान हुने गरि लेवल (ट्याग) लगाउने ।
२. इनएक्टीभ तार सबै हटाउने ।
३. कानून बमोजिम रजिष्ट्रेसन नभएका केवलहरुले रजिष्ट्रेसन गर्ने ।
४. सम्झौता नभएका संस्थाले सम्बन्धित पक्षसँग सम्झौता गरि पेश गर्ने ।

बिनोद कुमार न्यौपाने
प्रमुख प्रशासकिय अधिकृत


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# रोजगारीको व्यवस्था गर

रोजगारीका लागि विदेसिनेहरुको संख्या हेर्दा अब नेपालमा बृद्धबृद्धम मात्र बाँकी रहन्छन् जस्तो लाग्छ । रोजगारी सिर्जना गर्ने र नेपालीलाइृ आत्मनिर्भर बनाउने कुरा सस्ता नारामै सीमित बनेका छन् । नयाँ सरकार बनेसँगै केही थोरै कुरामा भए पनि आशावादी हुनेगरी सुधारका नीति तथा कार्यक्रम आए हुने थियो भनी जनताले आशा गरिरहेका छन् । जनताको बाध्यात्मक वैदेशिक रोजगारीको अन्त्य गर्न पहल गर्ने भनी नवनियुक्त श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्यालले प्रतिबद्धता व्यक्त गरेका छन् । रोजगारविद्ले श्रममन्त्रीले यदि नीति तथा कार्यक्रम उनको सोचअनुसार विशिष्ट रूपमा विकास गरेर ल्याउन सक्ने हो भने यो सम्भव हुँदै जाने भनेर सकारात्मक टिप्पणी गर्न थालेका छन् । अर्थविद्को विश्लेषणमा जहिले पनि नेपालका नेता तथा हर्ताकर्ताले रणनीतिक, आश्वासनमूलक र प्रतिबद्धता जनाउने खालका नीति तथा योजनाको घोषणा गर्ने तर ठीक कहाँनेरबाट सुरु गर्नुपर्छ भन्ने विशिष्ट र कार्यनीतिक नीति तथा कार्यक्रम कहिल्यै पनि निर्माण र विकास गर्न नसक्ने भनी लगाएको आक्षेप अबका दिनमा खण्डन हुन्छ कि भनी आशा पलाउने लक्षण देखिएको छ । चाहनायुक्त वैदेशिक रोजगार विश्व 'ग्लोबल भिलेज' बनिसकेको आजका दिनमा अन्त्य गर्न सकिँदैन र सम्भव छैन पनि । तर, बाध्यात्मक वैदेशिक रोजगारी भने अन्त्य गर्नका लागि सरकारले पहल गर्नुपर्छ र त्यो न्यूनतम कार्यक्रम तथा कार्यनीतिका हिसाबले सम्भव पनि देखिन्छ । स्वदेशमा आफूले भने जस्तो काम नपाएपछि आफ्नो जहानपरिवार पाल्नका लागि सामान्यभन्दा सामान्य आम्दानीका लागि बाध्यात्मकरूपमा विदेसिनुपर्ने अवस्था भने कहालिलाग्दो नै छ । घरमा वृद्ध आमाबाबु, दिनहुँ स्याहार गर्नुपर्ने ससाना बालबच्चा र खेतीगृहस्थी चटक्क छाडेर चार पैसाका लागि विदेसिनु नै पर्ने बाध्यताको अन्त्य भने हुनु जरुरी छ । देशमा सामान्य जीविकोपार्जन गर्न सकिने अवस्था सिर्जना गर्नु जरुरी पनि छ । पहिलो कुरा त देशको उत्पादन शक्तिका रूपमा रहेका युवाशक्ति विदेसिनाले देशमा जनशक्तिको यसै पनि अभाव भइरहेको छ । दोस्रो कुरा, बाध्यात्मकरूपमा विदेश जाँदाको नकारात्मक र दुःखद मनोविज्ञान तथा त्यसले घरपरिवारमा पार्ने असरले समाजमा नकारात्मक भावना र सोचको जबर्जस्त विकास गरिरहेको छ । यसका लागि सरकारले त्यस्ता व्यक्तिको आत्मसम्मान र सुरक्षाको प्रत्याभूति दिन सक्नुपर्छ । कुरा गरेर होइन, सोचलाई आकर्षक र सिर्जनात्मकरूपमा कार्यान्वयन गरेर मात्र जनतालाई यसको व्यावहारिक रूपमा प्रत्याभूति दिन सकिन्छ ।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# महँगो मूल्यमा ल्याएको एजेण्डा : कौडीतुल्य सौदाबाजी



• राजेन्द्र किराती

संसदीय राजनीतिमा गणितीय जोड घटाउ निर्णायक हुने गर्दछ । यसमा विचार , सिद्धान्त , कार्यदिशा र कार्यक्रमहरूको बारेमा अनिवार्य गहन बहस हुँदैन । बहस भइहाले पनि त्यो केवल औपचारिकता , देखावटी बहानाबाजी र भावनामा सीमित हुन्छ । संसदीय लोकतन्त्रमा अन्तर्निहित नीति , प्रक्रिया, नारा र पदावलीहरू राम्रो छ । तर , सुगरकोटेड लोकतान्त्रिक नीति वाक्य र त्यसको व्यवहारिक आयाम बीचमा तादातम्यता मिलेको पाइँदैन । मूलभूत समस्या यहीनेर हो । त्यसैले व्यवहारत ः संसदीय प्रणाली गणितीय हिसाब-किताबको दुष्चक्रमा फन्को मारिरहन्छ । यसरी फन्को मार्ने क्रममा यसले एक पछि अर्को आफ्नो आधारभूत सिद्धान्त , विचार र एजेन्डाहरू भुल्दै जान्छ । सरकार निर्माण र विघटन , बहुमत र अल्पमत , पक्ष र प्रतिपक्ष अनि भोट व्ल्याकमेलिङ जस्ता संसदीय कर्मकाण्डमा मात्र राष्ट्रिय राजनीति केन्द्रित हुन पुग्दछ । यस अतिरिक्त संसदमा कतिपय दलहरू अग्रगामी , कतिपय दलहरू यथास्थितिवादी अनि कतिपय दलहरू पश्चगामी विचार बोकेको हुन्छन् । सबैको आ-आफ्नै दाउ हुन्छ । बालिग मताधिकारसहितको लोकतन्त्र भनिए पनि सही पार्टी र व्यक्ति नै चुनिन्छन् भन्ने कुनै ग्यारेन्टी हुँदैन । अव त झन् वैचारिक निर्देशन विनाको बहकिएको मतदाताले कता भोट हाल्छ , यसै भन्न सकिन्न । यस्तो वस्तुगत धरातलमा सिद्धान्त , विचार र एजेन्डाहरू निर्णायक हुँदैन । बरु प्राविधिक र झिना मसिना सवालहरूमा एजेन्डाहरू लिलाम गरिन्छ । एजेन्डाभन्दा पनि गणितीय जोड घटाउ र पदीय लेनादेना प्रधान हुन्छ । यस आलेखमा यसै सन्दर्भमा चर्चा गरिएको छ ।

### संसदीय यात्रासँगै सम्झौता

सम्झौतामा राजनैतिक एजेन्डा लिलाम विक्री गर्ने क्रम शान्ति प्रक्रियाको सुरुआतसँगै भएको देखिन्छ । दस वर्षे जनयुद्धपछि वृहत् शान्ति सम्झौतासँगै माओवादी शान्ति प्रक्रियामा आएको सबैलाई अवगतै छ । हिजोको क्रान्ति र आजको संसदीय प्रक्रिया सारभूत रूपमै भिन्न थियो । जनयुद्धकालमा उठाइएका तमाम् एजेन्डाहरू आज नेपाली राजनीतिको मूल आयाम बनिरहेको छ । यो सुखद पक्ष हो । तर यस्ता एजेन्डाहरूलाई यहाँसम्म ल्याउन कति पापड बेल्नु पऱ्यो , त्यो कि त स्वयं माओवादीलाई थाहा छ कि तत्कालीन सात दलीय गठबन्धनका शीर्ष नेतृत्वहरुलाई थाहा छ । किनभने उनीहरुले गणतन्त्र , संघीयता , धर्मनिरपेक्षता , समावेशी र समानुपातिक एजेन्डाहरू सजिलै स्वीकारेका होइनन् । यसको लागि दर्जनौं चरण लामो तथा पेचिलो वार्ता र छलफलको सिलसिला गुजार्नु परेको तितो यथार्थ विगत सम्झौताको दस्तावेजहरूबाट प्रस्ट हुन्छ । उनीहरूलाई फकाएर , सम्झाएर अनि कन्भिन्स गरेर बल्ल बल्ल यो सम्झौतासम्म ल्याइएको कुरा साँचो हो । त्यसैले त उनीहरू अग्रगामी एजेन्डाहरूमा स्पष्ट धारणा बनाउँदैनन् ।
यसबाट के वस्तुगत तथ्य स्पष्ट हुन्छ भने माओवादी शान्ति प्रक्रियामा आएसँगै परिवर्तनकारी एजेन्डाहरू माथि सर्त र सम्झौताको डन्डा चलाउन थालिएको हो । यसमा सात दलीय गठबन्धनले यथास्थितिको वकालत गरिरह्यो भने माओवादीले परम्परागत राजनीतिमा आमूल फेरबदल सहितको गणतन्त्रको पक्षमा लागि रह्यो । यही सिलसिलामा तत्कालीन सात दलीय गठबन्धन वा आजको मुख्य राजनैतिक दलहरूले यस्तै यथास्थितिवादी र पश्चगामी सर्त र सम्झौताहरूमा माओवादीले लामो संघर्ष, बलिदानी र त्यागबाट स्थापित गरेको थुप्रै अर्ग्यानिक एजेन्डाहरू लिलाम गर्न बाध्य पारियो । उनीहरुले त्यसलाई नाम मात्रको एजेन्डाको रूपमा मात्र स्वीकार गरे , जसको राजनैतिक अन्तर्वस्तु सतही र अमुक थियो । यही सिलसिलामा पछिल्लो समय पश्चगामी तत्वहरूले अझ बढी टाउको उठाउन थालेका छन् । सार्वभौमता पश्चगामीहरूले टाउको उठाउनु भनेको अग्रगामी एजेन्डाहरू ओझेल पर्दै जानु हो ।

### गणतन्त्रमा सम्झौता

२०७२ सालको संविधानमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य भनेर स्पष्ट लेखिएको छ । तर त्यतिखेर पनि प्रमुख संसदवादी दलहरूले गणतन्त्रलाई दिलैदेखि स्वीकार गरेको अवस्था थिएन । उनीहरूलाई मनाउन प्रचण्डले कति पापड बेल्नु पऱ्यो जगलाई थाहै छ । उनीहरुले जनताका अग्रगामी वा परिवर्तनकारी मर्म र भावनामाथि व्ल्याकमेलिङ गर्नको लागि मात्र गणतन्त्र हुन्छ नै त भनेका थिए । तर उनीहरूको आकलन के थियो भने भोलि कुनै पनि समय अग्रगामी राजनीति रक्षात्मक भएको वेला यसको खिलाफमा जान सकिन्छ भन्ने बुझाइ थियो । यही स्पीरिटमा मात्र उनीहरुले यी एजेन्डाहरू स्वीकारेका हुन् । गणितीय आधारमा आज माओवादी निकै सानो भएको छ । संसदीय राजनीतिमा गणित नै सवै थोक हुन्छ । यही अनुकूल धरातलमा राप्रपालगायतका केही नयाँ दलहरू राजतन्त्र पुनर्स्थापनाको कुरा गरिरहेका छन् । यसैको कमलो भावनामा संसदमा उल्लेख्य उपस्थिति कायम पनि गरिसकेको छ । उनीहरू गणतन्त्रको खिलाफमा खुलेरै लाग्न थालेका छन् । उनीहरू उल्टै माओवादीसँग यो वा त्यो प्राविधिक वा पदीय सवालहरूमा यस्ता अग्रगामी एजेन्डाहरू लिलाम गराउने रणनीतिमा रहेको स्पष्टै छ । गणतन्त्र विरुद्ध यो वा त्यो बहानामा पुरानै प्रमुख संसदवादी दलहरू पनि धरमरमै देखिन्छन् । यसले पश्चगामी तत्वहरूलाई अग्रगामी एजेन्डाहरू विरुद्ध माहौल बनाउन अनुकूल भइरहेको छ । यस्तो वस्तुगत परिवेशमा गणतन्त्र कमजोर हुनु वा नाम मात्रको हुनु अन्यथा होइन । वस्तुतः आज गणतन्त्र प्रभावकारी नहुनुको अन्तर्यमा यस्तै राजनैतिक स्वार्थ जिम्मेवार छ भन्दा दुइ मत हुँदैन ।

### संघीयता र धर्मनिरपेक्षतामा सम्झौता

खास गरी माओवादीबाहेक कुनै पनि दल संघीयता र धर्मनिरपेक्षताको पक्षमा थिएन । माओवादीसँगको सम्झौता र शान्ति प्रक्रियाको रापताप र चापमा उनीहरुले कानुनी र प्राविधिक रुपमा स्वीकारे पनि राजनैतिक रुपमा दृढतापूर्वक स्वीकारेको अवस्था देखिदैन । कुनै पनि सानो छिद्र पाउने वित्तिकै उनीहरु यस्ता एजेण्डाहरुको खिलाफमा जाने निश्चित देखिन्छ । यसमा उनीहरुको रवैया र केही नयाँ दलहरुको खुलेआम विरोध गराइबाट स्पष्ट हुन्छ । २०७२ सालको संविधान र शान्ति सम्झौताको हस्ताक्षरकर्ता दल वा नेता भएको कारण कतिपय दलहरुलाई नैतिक प्रश्न होला । तर अग्रगामी राजनीति कमजोर हुँदै जाँदा अनि पश्चगामी तत्वहरु संसदमा हावी हुँदै जाँदा तिनको नैतिकतालाई छोप्ने पातलो पर्दा उघ्रिनु र सानो डोरो चुँडिनु कतिवेर पनि नलाग्ने देखिन्छ । उनीहरु यही पर्खाइमा देखिन्छन् । मूलत ः अग्रगामी शक्ति कमजोर हुँदा पश्चगामी तत्वहरु शक्तिशाली हुन्छन् । यो सार्वभौम नियम हो । अर्थात् संसदमा माओवादी जति सानो हुन्छ , उति नै पश्चगामी तत्वहरु निर्णायक हुन्छन् । पछिल्लो समय यस्तै द्वन्द्वात्मक प्रक्रियाअनुरुप राजनीति अघि बढिरहेको छ ।

रास्वपाले खुलेरै संघीयताको विरोध गरिरहेको छ । यसैको कभरमा संसदमा चौथो ठूलो दल बनिसकेको छ । राप्रपाले धर्मनिरपेक्षता होइन , हिन्दू राज्यको वकालत गरिरहेको छ । यसैको बलमा संसदमा पाँचौ ठूलो दल बनिसकेको अवस्था छ । यस्ता परिणामहरु राजनैतिक नियमद्वारा नै निर्देशित रहेको छ । परिवर्तनकारी शक्ति रक्षात्मक हुँदा पश्चगामीहरु आक्रामक हुन्छन् । यसरी परिवर्तनकारी एजेण्डाहरु रक्षात्मक हुनु भनेको अन्ततः जनताका परिवर्तन , मुक्ति , न्याय र समानताको चाहना र मर्म हार्नु हो । तव एजेण्डाहरु विरुद्ध चौतर्फी प्रहार हुन थाल्दछ । केही बचेखुचेको एजेण्डाहरु पनि पद , प्रतिष्ठा , पावर जस्ता प्राविधिक आयामहरुसँग सौदावाजी गर्न वाध्य पारिन्छ । तर यस्तो गलत अस्त्रले हामी गन्तव्यमा पुग्ने संभावना कम हुन्छ ।

### समावेशी र समानुपातिकमा सम्झौता

समावेशी र समानुपातिक जस्ता एजेण्डाहरुको बलमा आज पहुँच र प्रभाव नभएकाहरु पनि राज्यको तलदेखि उपल्लो सत्ताहरुमा हैसियत बनाउन सफल भएका छन् । यसले धनी-गरिव , वहुसंख्यक-अल्पसंख्यक र पढ-अनपढ सबैको सहभागिता सुनिश्चित भएको छ । यो सर्वाधिक खुशीको कुरा हो । तर आन्दोलनबाट यसलाई स्थापित गर्ने शक्ति कमजोर भएसँगै यस्ता एजेण्डाहरुमाथि पनि धावा बोल्न थालिएको छ । राजनैतिक रुपमा कतिपय पुरानै प्रमुख संसदवादी दलहरु पनि यसको पक्षमा थिएनन् । उनीहरुले प्रतिस्पर्धा , योग्यता , क्षमता र वहुमतको वहानामा समावेशी र समानुपातिक एजेण्डाहरुको औचित्यमाथि प्रश्न उठाइरहेका छन् । यसले कमजोर र असक्षम व्यक्तिहरुलाई उपल्लो तहमा पुऱ्यायो भनेर विरोध गरिरहेका छन् । मतदाता भड्किन्छन् भन्ने भयले खुलेरै विरोध भने गरेका छैनन् । तर माओवादीले यी एजेण्डाहरु यस्तै पहुँच , प्रभाव , सम्पत्ति , संख्या र क्षमता नभएकाहरुलाई नै शासकीय सत्तामा सहभागी गराएर उपल्लो वर्गका मानिसहरु वरावरको हैसियत वनाउने रणनीतिअन्तरगत अघि सारेका आधारभूत एजेण्डाहरु हुन् । यो मानवीय र न्यायिक अवधारणा हो । क्षमता भनेको जिम्मेवारीमा भर पर्ने कुरा हो । यो उनीहरुको दुःखी , गरिव , निमुखा र अनपढहरुप्रति हेर्ने गलत दृष्टिकोणको उपज हो । यसको जननी पार्टी माओवादी कमजोर भएसँगै एजेण्डामाथि जतातते आक्रमण हुन थालेको छ । ती तमाम् एजेण्डाहरुलाई खारेजीको माग गरिरहेका छन् । यस्तो वेला अग्रगामी एजेण्डाहरु पद , प्रतिष्ठा र पावरसँग सौदावाजी गर्ने क्रम उत्कर्षमा पुग्दैछ ।

### पृथ्वी जयन्तीमा सम्झौता

अग्रगामी शक्ति कमजोर भएसँगै पश्चगामीहरु यो वा त्यो कोणमा हावी हुनु स्वाभाविक हुन्छ । यही मेसोमा यसपालिको चुनावमा पुरानै र नयाँ पश्चगामी शक्तिहरु सतहमा देखापरेका छन् । यो अनौठो होइन । राष्ट्रिय राजनीति वा समाजलाई कुन वैचारिक दृष्टिकोणले नेतृत्व गरिरहेको छ भन्ने कुराले अग्रगमन र पश्चगमन निर्धारण गर्दछ । मिलीजुली सरकारमा अग्रगामी , यथास्थितिवादीदेखि नितान्त पश्चगामी शक्तिहरु सामेल छन् । नेतृत्व अग्रगामी एजेण्डाको जननी पार्टी माओवादी केन्द्रले गरिरहेको छ । यस्तो संवेदनशील धरातलमा नेतृत्वलाई यो वा त्यो शर्त राखेर पश्चगामी अर्थराजनीतिक भाष्य निर्माणमा अल्मल्याउने दाउ वुझ्न कठिन छैन । माओवादी केन्द्रका अध्यक्ष तथा प्रधानमन्त्री प्रचण्ड पृथ्वी जयन्तीमा सार्वजनिक विदा दिन वाध्य भए । पृथ्वी जयन्ती साँस्कृतिक , भावनात्मक तथा वैयक्तिक मुद्धा मात्र होइन । यो त राजनैतिक सवाल पनि हो । यसकारण यसले पनि प्रत्यक्ष र परोक्ष रुपमा पश्चगमनलाई सहयोग गर्दछ । संसदीय राजनीतिमा गणितीय जोडघटाउअन्तर्गत एजेण्डाहरु लिलामी हुन पुग्दछ भन्ने सच्चाइको यो पछिल्लो उदाहरण हो ।

### निश्कर्ष

लामो संघर्ष , त्याग र बलिदानबाट स्थापित गणतन्त्र , संघीयता, धर्मनिरपेक्षता , समानुपातिक र समावेशी लगायतका अग्रगामी एजेन्डाहरूलाई अझ उन्नत, प्रगतिशील र परिणाममुखी बनाउनु परिवर्तन चाहने हामी सबैको दायित्व हो । यस्ता एजेन्डाहरूको अझ उन्नत र प्रगतिशील अन्तर्वस्तुको जगमा टेकेर मात्र समानता र सामाजिक न्यायसहितको समाजवादी समाज व्यवस्था निर्माण गर्न सकिन्छ । तब मात्र सुखी र समृद्ध नेपालको वस्तुवादी कल्पना गर्न सकिन्छ । अन्यथा त्यो बनिबनाउ चाहना र मनगढन्ते सपना मात्र हुन्छ वा जनतालाई भावनात्मक रूपमा दिग्भ्रमित पार्दै भोट व्ल्याकमेलिङ गर्ने अस्त्र मात्र बन्दछ ।

वस्तुतः लडेर महँगो मूल्यमा ल्याएको एजेन्डाहरूलाई कौडीतुल्य पदीय वा प्राविधिक स्वार्थमा सम्झौता वा सौदाबाजी गर्नु सिंगो परिवर्तनकारी आन्दोलन माथिको गम्भीर अपराध हो । जनताका न्याय र समानताको चाहना माथिको गद्दारी हो । परिवर्तनको खातिर हजारौं सहिद हुनेहरु प्रतिको अपमान हो । एजेन्डाको भ्रष्टीकरण, दलालीकरण र अपव्याख्याले होइन, सबलीकरण र सुदृढीकरणले मात्र हामी समाजवादी निर्दिष्ट गन्तव्यमा पुग्न सक्नेछौं । यसमा सरोकारवाला सबैले गम्भीर चिन्तन-मनन गर्न जरुरी छ ।

# छुवाछूत हटाउने नायकको खोजी



• विष्णु पौडेल लम्साल

'को हुन् दलितहरू र तिनलाई अछुत कसरी बनाइयो' यसबारे युट्युबमा मैले बनाएको भिडियोको लिङ्क साथीहरूलाई सामाजिक सञ्जालमा सेयर गरेको थिएँ । त्यो लिङ्क मेरो गाउँको र सँगै पढेको दलित साथीले हेरेपछि प्रतिक्रिया दिए, 'तिमी यति पढेको, बुझेको छौ । यति धेरै रिसर्च गर्छौ अनि तिमी किन मलगायत दलितको घरमा खाना खाँदैनौ ?' अर्को मेसेजमा उसले थप्यो, 'तिम्रो बुवा आमाले छुवाछूत गर्नु त ठिकै होला तर तिमी जस्तो नयाँ पुस्ताले पनि यस्तो गर्दा नराम्रो लाग्छ ।' उसको मेसेज मैले 'सिन' गरे तर रिप्लाई दिन मसँग कुनै शब्द थिएन । त्यही जवाफस्वरुप यो लेख जन्मियो ।म आफूलाई प्रगतिशील र विद्रोही चेत भएको भन्ठान्छु । मलाई छुवाछूतको विषयले धेरै नै छुन्छ । आफैले छुवाछूत हटाउन पहल गरेको र त्यसको देशभर चर्चा भएको स्वर्णिम कल्पना गर्छु । छुवाछूत अन्त्य गर्नको लागि के गर्न सकिएला भनेर दिमागमा धेरै समयसम्म घोत्लिन्छु । यहाँसम्म कि विद्रोह गरेर दलित प्रेमिकासँग विवाह गरेको पनि कल्पना गर्छु । तर कल्पना र आदर्शमा म जति विद्रोही छु, वास्तविक रूपमा त्यति नै कायर र रूढिवादी । म बाहिर दलितसंगै खाना खान्छु, त्यसले मलाई कुनै फरक पर्दैन । आफ्नो गाउँभन्दा बाहिर म एकदम विद्रोही हुन्छु । दलितकोमा खान, उनीहरूको घरभित्र पस्न कुनै हिचकिचाहट हुँदैन ।

तर जब म गाउँ आउँछु, त्यो विद्रोही नकाब उत्रिन्छ र मेरो वास्तविक रूप उदाङ्गो हुन्छ । दलितको घरभित्र खाने त परको कुरा आफ्नै साथीहरू सँगसँगै खान पनि मलाई हिचकिचाहट हुन्छ । दलित साथीहरूलाई आफ्नो घरभित्र लैजान सक्दिनँ । चिया दिँदा उनीहरूको हातमा नदिएर भुईंमा राखिदिन्छु । उनीहरुले खाएको भाडा उनीहरूलाई नै माझ्न लगाउँछु । र, पखाल्दा अलग्गै पानी खनाइदिन्छु । उनीहरुले माझेका भाडा चोखाउन खोज्छु । आखिर गाउँमा हुँदा एउटा र गाउँ बाहिर अर्को खाले मेरो रूप किन देखा पर्छ त ? हामीभन्दा अघिल्लो पुस्तामा निश्चय पनि भित्रैदेखि दलितहरूले छोएको खाए, घरभित्र गए कुल रिसाउँछन् भन्ने दिमागमा हजारौं वर्षदेखि जरा गाडेर बसेको छ । त्यसैले, हाम्रो पुस्ता बाहिर छुवाछूत गर्दैनन् । तर घरमा आएपछि छुवाछूत गर्न बाध्य हुन्छन् । परिवारसँग विद्रोह गर्न सक्तैनन्, किन ? किन कोही डाक्टरै भए पनि उसले धामी झाँक्रीमा विश्वास गर्छ त ? कोही शिक्षित महिला महिनावारी हुँदा किन मन्दिर जान डराउँछिन् ? बिरालोले बाटो काट्दै गर्दा अगाडि बढेका खुट्टा किन टक्क अडिन्छन् ? जतिसुकै नास्तिक छु भने पनि किन दुःख पर्दा भगवान्को याद आउँछ ? महिलावादी भए पनि किन समाजले मलाई जोइटिङ्गे भन्ला कि भन्ने डरले सताउँछ त ? किनकि हजारौं वर्षदेखि दिमागमा रुढी यसरी जरा गाडेर बसेको छ कि त्यसलाई सानोतिनो शिक्षा र सचेतनाको कैँचीले काट्न सकिन्न । छुवाछूतको विषयमा पनि हामी भन्दा अघिल्लो पुस्तामा त्यो जरा फिजारिएको छ । तर, अहिलेको नयाँ पुस्तामा केही हदसम्म त्यसले जरा गाडे पनि पुरै काट्न सकिने अवस्थामा पुगेको छैन । जब गलत हो भन्ने थाहा छ त अनि किन अहिले शिक्षित पुस्ताले पनि छुवाछूत गरिरहन्छ ? अहम् प्रश्न हो यो ।
उत्तर सामान्य छ, किनकि उनीहरूलाई डर छ परिवारको, समाजको । समाज र आफन्तबाट तिरस्कृत र बहिष्करणमा पर्ने भय छ । त्यसैले, गलत छ भन्ने थाहा हुँदाहुँदै पनि छुवाछूत गरिरहेका हुन्छन् । प्राध्यापक तथा लेखक सञ्जीव उप्रेतीले एक कुराकानीमा उच्चजातका मानिसहरू दलितबाट असुरक्षित महसुस गरिरहेका छन् भनेका थिए । राज्यसत्तामा उच्च जातको हालीमुहाली हुँदा पनि केही प्रतिशत दलित आरक्षणबाट आउँदा राज्यसत्ता नै दलितले उल्टाउँछन् कि भन्ने डर छ । दलित शिक्षित र चेतनशील भएर छुवाछूत र दमनविरुद्ध आवाज उठाउँछन् भन्ने डर छ । अझै पनि केही ठाउँमा दलितहरूलाई छुवाछूतमा केही खुकुलो गराउँदा वा खुकुलो भएमा दलितले उच्च जातकालाई हेप्छन् भन्ने सोचाइ रहेको छ । यसले गर्दा पनि छुवाछूत बिस्तारै कम हुनमा पनि बाधा पुगेको मान्न सकिन्छ । 'मलगायत दलितको घरमा तिमी किन खाना खाँदैनौ ?' भनेर सोध्ने साथीलाई मेरो उत्तर छ, मलाई स्कुलमा कहिल्यै पनि छुवाछूत किन हुन्छ, दलितलाई किन अछुत बनाइयो ? भनेर कहिल्यै पढाइएन । कहिलेकाहीँ निबन्ध लेख्दा काटे रगत सबैको रातै हुन्छ भन्ने कुरासम्म सिकाइयो । के यतिले मलाई मान्छे मान्छे बराबर हुन् भनेर सिकायो त ? पक्कै पनि सिकाएन । बेला बेलामा लक्ष्मीप्रसाद देवकोटाको कविता मानिस ठुलो दिलले हुन्छ, जातले हुँदैन भन्नेसम्म पढाइयो । के यति दुई लाइनको कविताले मात्र त्यो दिमागमा फिजारिएको जरालाई काट्न सक्छ त ? किन बालबालिकाको त्यो कलिलो दिमागमा छुवाछूत गलत हो, दाइजो गलत हो, अन्य अन्धविश्वास गलत हो भनेर पाठ्यक्रममा किन राखिएन ? सायद पढाउने शिक्षकहरू, उच्च जातिको बाहुल्य भएको राज्यसत्ता, पाठ्यक्रम निर्माताहरू दलितबाट थप असुरक्षित हुने भयले पो हो कि ?
यही समाजमा एउटा गैरदलितको म जस्तै तप्का छ, जसले समाजको डर, परिवन्ध जे बहाना पारे पनि आफूले पनि छुवाछूत गर्छ तर उसले छुवाछूत अन्त्य भएको हेर्न चाहन्छ । कसैबाट कसै गरी छुवाछूत अन्त्य होला भनेर पर्खिरहेको छ । तर आफन्त र समाजको भय पालेर, अरूले के भन्लान् भन्ने डरले छुवाछूत हट्दैन । हो, म पनि यही परिवार र समाजको परिबन्धमा छु । बाहिर मलाई जातभातले प्रभाव नपारे पनि समाजमा कठिन उच्चजातको स्वभाव देखाउन खोज्छु । बाहिर बफ र बँदेलको मासु खाए पनि गाउँमा खसीको मासु मात्र खान्छु भनेर देखाउन खोज्छु । बाहिर जनैलाई कुनै कुनामा मिल्काए पनि घरमा आउँदा जनै धारण गरेर शुद्ध बाहुन बन्न खोज्छु । म कल्पना र आदर्शमा जति विद्रोही छु, यथार्थमा त्यति नै कायर र रूढिवादी । म पनि केही प्रतिशत नजानिँदो तरिकाले दलितबाट असुरक्षित महसुस गरेको पो छु कि ? थाहा छ गलत भएको छ, मैले गम्भीर अपराध गरिरहेको छु । जुन अपराध जसले सानोतिनो सजायको माग गर्दैन । तर, म केही आवाज उठाउन सक्दिनँ । म निर्दयी छु, नचाहँदा नचाहँदै पनि छुवाछूत गरिरहेको छु । म पनि यही आसमा बसिरहेको छु कि पक्कै कोही एउटा नायक आउने छ या सङ्गठित विद्रोह हुनेछ । र, एक दिन वर्षौंदेखि जरा गाडेर बसेको छुवाछूतलाई जरैदेखि उखालेर निमिट्यान्न पार्नेछ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.
... तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था (प्रदेश नं. १ कार्यक्षेत्र रहेको)
केन्द्रिय कार्यालय, मुक्तिचोक, बिर्तामोड, झापा
फोनः ०२३-५४३५६४, ५४३७१४, ५४४०१०
इमेलः info@edb.com.np
वेवसाईटः www.edb.com.np

# INTERIM FINANCIAL STATEMENTS AS ON POUSH 30,2079

**Excel Development Bank Limited**
**Condensed Statement of Financial Position**
**As on quarter ended 30 Poush, 2079 (14 January, 2023)**

**The Bank**
**Figures in NPR**

| Particulars | This Quarter Ending | Immediately Previous Year Ending |
|---|---|---|
| **Assets** | | |
| Cash and Cash Equivalents | 1,945,577,645.21 | 2,324,723,624.99 |
| Due from Nepal Rastra Bank | 61,695,416.51 | 125,479,167.70 |
| Placement with Bank and Financial Institutions | - | - |
| Derivative Financial Instruments | - | - |
| Other Trading Assets | - | - |
| Loans and Advances to BFIs | 263,017,885.08 | 272,625,436.36 |
| Loans and Advances to Customers | 10,222,710,776.98 | 10,233,641,192.40 |
| Investment Securities | 1,536,105,680.99 | 778,586,268.84 |
| Current Tax Assets | 38,079,174.16 | 36,539,204.78 |
| Investment in Subsidiaries | - | - |
| Investment in Associates | - | - |
| Investment Property | 308,711,211.18 | 193,387,921.00 |
| Property and Equipment | 122,082,396.89 | 131,508,399.19 |
| Goodwill and Intangible Assets | 4,094,823.87 | 3,629,014.36 |
| Deferred Tax Assets | 2,639,154.38 | - |
| Other Assets | 43,173,255.03 | 85,622,782.39 |
| **Total Assets** | **14,547,887,420.28** | **14,185,743,012.00** |
| **Liabilities** | | |
| Due to Bank and Financial Institutions | 540,912,142.87 | 422,547,729.03 |
| Due to Nepal Rastra Bank | - | 244,728,033.62 |
| Derivative Financial Instruments | - | - |
| Deposits from Customers | 12,233,118,832.87 | 11,750,563,820.99 |
| Borrowings | - | - |
| Current Tax Liabilities | - | - |
| Provisions | 7,086,137.34 | 16,786,137.34 |
| Deferred Tax Liabilities | - | 3,998,069.61 |
| Other Liabilities | 102,036,354.90 | 85,008,590.31 |
| Debt Securities Issued | - | - |
| Subordinated Liabilities | - | - |
| **Total Liabilities** | **12,883,153,467.98** | **12,523,632,380.90** |
| Equity | | |
| Share Capital | 1,249,694,470.93 | 1,151,792,139.11 |
| Share Premium | - | 9,545,605.56 |
| Retained Earnings | (46,093,265.96) | 150,240,135.04 |
| Reserves | 461,132,747.33 | 350,532,751.39 |
| **Total Equity Attributable to Equity Holders** | **1,664,733,952.30** | **1,662,110,631.10** |
| Non Controlling Interest | | |
| **Total Equity** | **1,664,733,952.30** | **1,662,110,631.10** |
| **Total Liabilities and Equity** | **14,547,887,420.28** | **14,185,743,012.00** |
| Contingent Liabilities and Commitments | 542,594,380.29 | 788,765,863.37 |

**Excel Development Bank Limited**
**Condensed Statement of Profit or Loss**
**For the quarter ended 30 Poush, 2079 (14 January, 2023)**

**The Bank**
**Figures in NPR**

| Particulars | Current Year | | Previous Year Corrosponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter (YTD) | This Quarter | Upto This Quarter (YTD) |
| Interest Income | 399,824,276.31 | 820,756,091.97 | 269,941,441.97 | 527,443,068.60 |
| Interest Expense | 287,677,495.52 | 553,119,701.05 | 178,629,381.31 | 322,974,216.52 |
| **Net Interest Income** | **112,146,780.79** | **267,636,390.92** | **91,312,060.66** | **204,468,852.08** |
| Fee and Commission Income | 20,672,143.73 | 36,397,835.46 | 11,841,878.33 | 36,080,779.75 |
| Fee and Commission Expense | 1,954,602.60 | 3,953,419.43 | 1,383,098.26 | 2,395,202.32 |
| **Net Fee and Commission Income** | **18,717,541.13** | **32,444,416.03** | **10,458,780.07** | **33,685,577.43** |
| **Net Interest, Fee and Commisson Income** | **130,864,321.92** | **300,080,806.95** | **101,770,840.73** | **238,154,429.51** |
| Net Trading Income | - | - | - | - |
| Other Operating Income | 145,848.62 | 719,202.77 | 143.30 | 2,248,052.23 |
| **Total Operating Income** | **131,010,170.54** | **300,800,009.72** | **101,770,984.03** | **240,402,481.74** |
| Impairment Charge / (Reversal) for Loans and Other Lossess | 54,770,762.50 | 88,502,393.55 | (6,948,555.47) | 41,423,314.22 |
| **Net Operating Income** | **76,239,408.04** | **212,297,616.17** | **108,719,539.50** | **198,979,167.52** |
| Personnel Expenses | 38,035,566.71 | 89,839,788.20 | 36,942,274.98 | 77,506,547.82 |
| Other Operating Expenses | 22,151,477.79 | 47,374,761.94 | 22,620,779.20 | 41,916,035.60 |
| Depreciation & Amortisation | 7,348,060.57 | 14,796,631.95 | 8,113,243.97 | 12,371,493.49 |
| **Operating Profit** | **8,704,302.96** | **60,286,434.08** | **41,043,241.35** | **67,185,090.61** |
| Non Operating Income | - | - | - | - |
| Non Operating Expense | 6,743,060.65 | 27,053,674.77 | - | - |
| **Profit Before Income Tax** | **1,961,242.31** | **33,232,759.31** | **41,043,241.35** | **67,185,090.61** |
| Income Tax Expense | | | | |
| Current Tax | 588,372.69 | 9,969,827.79 | 12,312,972.40 | 20,155,527.18 |
| Deferred Tax | - | - | - | - |
| **Profit for the Period** | **1,372,869.62** | **23,262,931.52** | **28,730,268.94** | **47,029,563.43** |
| Profit Attributable to: | | | | |
| Equity-holders of the Bank | 1,372,869.62 | 23,262,931.52 | 28,730,268.94 | 47,029,563.43 |
| Non-Controlling Interest | | | | |
| **Profit for the Period** | **1,372,869.62** | **23,262,931.52** | **28,730,268.94** | **47,029,563.43** |
| **Earnings per Share** | | | | |
| Annualized Basic Earnings per Share | | 3.72 | | 8.17 |
| Annualized Diluted Earnings per Share | | 3.72 | | 8.17 |
| **Condensed Statement of Other Comprehensive Income** | | | | |
| **Profit for the year** | **1,372,869.62** | **23,262,931.52** | **28,730,268.94** | **47,029,563.43** |
| **Other Comprehensive Income, Net of Income Tax** | **2,694,197.25** | **(15,486,855.99)** | **(18,724,929.92)** | **(35,915,464.24)** |
| **Total Comprehensive Income for the Period** | **4,067,066.87** | **7,776,075.53** | **10,005,339.02** | **11,114,099.19** |

**Excel Development Bank Limited**
**Ratios as per NRB Directive**

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto This Quarter (YTD) | This Quarter | Upto This Quarter (YTD) |
| Capital Fund to RWA | - | 13.25% | - | 13.64% |
| Non-Performing Loan(NPL) to Total Loan | - | 4.90% | - | 3.71% |
| Total Loan Loss Provision to Total NPL | - | 85.16% | - | 95.58% |
| Cost of Funds | - | 9.60% | - | 6.87% |
| Credit to Deposit Ratio | - | 83.54% | - | 88.96% |
| Base Rate | - | 12.26% | - | 9.39% |
| Interest Rate Spread | - | 4.79% | - | 3.15% |

**Excel Development Bank Limited**
**Statement of Distributable Profit**
**For the quarter ended 30 Poush, 2079 (14 January, 2023)**
**(As per NRB Regulation)**

| Particulars | Figures in NPR |
|---|---|
| **Net profit or (loss) as per statement of profit or loss** | **23,262,931.52** |
| **Appropriations:** | |
| a. General reserve | (4,652,586.30) |
| b. Foreign exchange fluctuation fund | - |
| c. Capital redemption reserve | - |
| d. Corporate social responsibility fund | (232,629.32) |
| e. Employees' training fund | (6,180,024.58) |
| f. Other | 420,414.98 |
| **Profit or (loss) before regulatory adjustment** | **12,618,106.29** |
| **Regulatory adjustment :** | |
| Transfer to Regulatory Reserve | (115,442,026.70) |
| Transfer from Regulatory Reserve | - |
| **Distributable profit or (loss)** | **(102,823,920.41)** |

**Notes to the Interim Financial Statements**

| | |
|---|---|
| 1 | The above financial statements have been prepared in accordance with Nepal Financial Reporting Standards (NFRS) and in the format prescribed by Nepal Rastra Bank and certain Carve-outs issued by Institute of Chartered Accountants of Nepal (ICAN). |
| 2 | Previous period figure have been regrouped / rearranged/ restated wherever necessary. |
| 3 | Loans and Advances are presented net of impairment charges. |
| 4 | Personnel expenses include employment bonus provision calculated at 10 percent of profit before bonus and tax. |
| 5 | Provision for gratuity and leave have been provided for as per estimates by management and hence actuarial gain/loss has not been separately disclosed and will change as per Actuary Report. |
| 6 | Above figures are subject to change upon otherwise instructions of Statutory Auditor and/or Regulatory Authorities. |
| 7 | The detailed Interim Report has been published in the Bank's Website. |

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूचि १४, नियम २६ को उपनियम (१) संग सम्बन्धित आ.व. २०७९/८० को दोस्रो त्रैमासिक प्रतिवेदन

**१.वित्तीय विश्लेषण**

(क) आ.व. २०७९/८० को दोस्रो त्रयमासको अपरिष्कृत वित्तीय विवरण यसै साथ प्रकाशित गरिएको छ। यस वित्तीय संस्थाको सम्बन्धित पक्षवीच कारोवार रहेको छैन।

(ख) **प्रमुख वित्तीय अनुपातहरु :**

| अनुपातहरु | | | |
|---|---|---|---|
| प्रतिशेयर आम्दानी (वार्षिक) | रु ३.७२ | पि.ई. अनुपात (वार्षिक) | रु ९८.३१ |
| प्रतिशेयर नेटवर्थ | रु १३३.२१ | तरलता अनुपात | २५.६३% |
| प्रतिशेयर कूल सम्पत्ती : | रु १,१६४.१२ | | |

**२. व्यवस्थापकीय विश्लेषण**

(क) यस बैंकले आ.व.२०७९/८० मा व्यवसायीक योजनानुसार बैंकको निक्षेप एवं कर्जा कारोबारमा यथोचित वृद्धि गर्दै लैजाने, बैंकको ग्राहक सेवा स्तरमा वृद्धि गरिने, व्यवसायीक विकासका लागी नयाँ शाखाहरु खोल्ने एवं भैरहेको शाखाहरुको स्तर वृद्धि गर्दै लैजाने नीति रहेकोमा सोही अनुसार कामहरु भईरहेका छन्।

(ख) हाल देखिएको तरलता अभावको प्रभावका कारण निक्षेप संकलन तथा कर्जा प्रवाहमा संकुचन आएको तथा कर्जा असूलीमा समेत समस्या उत्पन्न भई बैंकको समग्र नाफा तथा वितरणयोग्य नाफामा प्रत्यक्ष प्रभाव पर्न गएको छ।

**३. कानूनी कारवाही सम्बन्धि विवरण**

(क) यस त्रयमास अवधिमा यस संस्थाले वा यस संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको/गरिएको छैन।

(ख) यस संस्थाको संस्थापक वा सञ्चालकले वा सस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन।

(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन।

**४. शेयर कारोबार सम्बन्धि विश्लेषण**

(क) देशको समष्टिगत शेयर बजारको कारोबारमा उतारचढाब आई यस बैंकको शेयर कारोबार पनि खुल्ला बजारले प्रतिपादित गरेको मूल्य तथा मान्यता अनुरुप हुने गरेको।

(ख) शेयर कारोबार तर्फ यस त्रैमासको कारोबार (नेपाल स्टक एक्सचेञ्ज लि. को वेव साइट अनुसार)

| | | | |
|---|---|---|---|
| अधिकतम मूल्य | रु ३९६।०० | न्यूनतम मूल्य | रु २९४।०० |
| अन्तिम मूल्य | रु ३६६।०० | कुल कारोबार शेयर संख्या | ३६०,६०९,८७८।६० |
| जम्मा कारोबार दिन | ५२ | | |

**५. समस्या तथा चुनौती**

(क) बढ्दो कोषको लागतले गर्दा बैकको मुनाफामा समेत प्रभाव पर्ने देखिन्छ।तरलता अभाव तथा कोषको लागत बृद्धिका कारण कर्जाको व्याज समेत बृद्धि हुने हुनाले कर्जाको माग तथा प्रवाहमा अपेक्षित बृद्धि हुन सकेको छैन।

(ख) बैंक तथा वित्तीय संस्थाहरुको बाक्लो र बढ्दो उपस्थिती एवं एक-आपस विचको तिब्र प्रतिस्पर्धाको कारणले यस बैंकको व्यापारमा प्रभाव परेको छ।

(ग) समय समयमा नियमक नियकायबाट जारी निर्देशनहरुको कार्यान्वयन गर्नेक्रममा बैंकको आम्दानीमा संकुचन भएको छ।

बर्तमान असहज परिस्थतीमा समेत यस बैंकले उपयुक्त व्यवसायिक नीति लिई ग्राहकहरुको सदाझै यस बैंक प्रति रहि आएको विश्वासमा अभिवृद्धि गराई समग्र कारोवारमा संन्तोषजनक रुपमा वृद्धि गरी सुदृढ तरलताको स्थिति तथा खुद मुनाफा बृद्धि गर्न प्रतिस्पर्धात्मक क्षमतामा अभिवृद्धि गर्दै गएको छ। बैंकले नयाँ सेवाहरुको आवश्यकतालाई महसुस गरि आधुनिक बैंकिङ्गका बिबिध प्रबिधिहरुलाई आत्मसात गर्दै आएको छ।

**६. संस्थागत सुशासन**

यस बैंक सर्वसाधारण जनताको पहुँच भित्र रहेको र बैंकले लक्षित गरेको ग्राहकहरु पनि यसै समुह भित्र भएकाले ग्राहकहरुको बैंक प्रतिको विश्वासलाई कायम राख्न एवं विश्वासमा वृद्धि गरि संस्थालाई सवल, नियमित र पारदर्शी ढंगले चाल्नु पर्ने सत्यतालाई आत्मसात गरी नियमनकारी निकाय नेपाल राष्ट्र बैंक लगायत अन्य सबै निकायहरुका निर्दीष्ट नियमहरु एवं अन्य प्रचलीत नियम कानुनको परिधी भित्र रही यस बैंकको कारोबार स्वच्छ रुपमा संचालन भई आएको छ। साथै बैंकले सुशासन कायम राख्दै संचालन जोखीमहरु कम गरी कारोबारलाई व्यवस्थीत गर्न विभिन्न आन्तरीक नीति नियम तथा निर्देशिकाहरुको तर्जूमा गरी लागु गरीएको, आन्तरिक लेखा परीक्षण समितिको बैठक र आन्तरिक लेखापरीक्षण नियमित रुपमा गराई समिति तथा लेखापरिक्षकवाट प्राप्त सुझावहरु कार्यान्वयन तथा समिक्षा गर्ने गरिएको तथा तदानुसार आवश्यक सुधारका कार्यहरु गर्ने गरिएको छ।

**७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै, म यो उद्घोष गर्दछु की मैले जानेबुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित भई निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।